# वन विज्ञान संकाय, डीनको कार्यालय,हेटौडाको
## फर्निचर खरिद सम्बन्धि शिलवन्दी दरभाउपत्रको सूचना

यस वन विज्ञान संकाय, डीनको कार्यालय, हेटौडाको शैक्षिक कार्यक्रम संचालनको लागि आवश्यक फर्निचर शिलवन्दी दरभाउपत्रद्वारा पुर्ति गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त संस्था वा फर्महरुबाट निम्न शर्तको अधिनमा रही यो सूचना समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपूर्वक शिलवन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरुः-**

१. दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय :- यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको ४ बजेभित्र । उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खोल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

२. दरभाउपत्र फाराम रु.३००।- (तिन सय रुपैया मात्र) (पछि फिर्ता नहुने) यस वन विज्ञान संकाय, हेटौडा बाट खरिद गरी सोही कार्यालयमा पेश गर्न सकिनेछ वा यस संकायको रा.वा.बैंक, हेटौडा शाखामा रहेको च.हि.नं १३००००३२९६०१ मा रकम दाखिलागरि (www.afu.edu.np) बाट Download गरि Submit गर्न सकिनेछ ।

३. कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पट्टी शिरमा **वन विज्ञान संकाय डीनको कार्यालय,हेटौडा दरभाउपत्र** भनि लेखिएको हुनुपर्नेछ ।

४. दरभाउपत्र रहेको शिलबन्दी खामको बाहिर तथा दरभाउपत्र फाराममा फर्मको नाम, सही छाप र ठेगाना प्रष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ । अन्यथा मान्य हुनेछैन ।

५. दरभाउपत्र दर्ताकर्ताले आ.व.२०७३/२०७४ को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता र भ्याटमा दर्ता भएको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रितपूर्वकको लिखित निवेदन दिनुपर्नेछ

६. दरभाउपत्र भर्दा दररेट प्रष्ट रुपमा अङ्क र अक्षरमा उल्लेख गर्नुपर्नेछ र दुई बीच फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्रदाताले आफुले कवोल गरेको अंकको २.५ प्रतिशतले हुने रकम यस संकायको रा.वा.बैंक, हेटौडा शाखामा रहेको च.हि.नं १३००००३२९६०१ मा रकम दाखिला गरेको सक्कलै बैक भौचर वा बैंकग्यारेण्टि दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

८. दरभाउपत्र दर्ता गर्ने म्याद समाप्त भएपछि प्राप्त दरभाउपत्र र रीत नपुगी प्राप्त हुन आएको दरभाउपत्रहरु वा कुनै शर्त राखी प्राप्त दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

९. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वन विज्ञान संकाय डीनको कार्यालयमा सुरक्षित रहनेछ ।

१०. नियमानुसार प्राप्त दरभाउपत्रहरु दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको पर्सिपल्ट दिउँसो २:०० बजे दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । निजहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

११. दरभाउपत्र सम्बन्धि अन्य कुरा बुझ्नु परेमा यस संकायको सामान्य प्रशासन शाखामा वा फोन नं ०५७५२७३५४ मा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१२. यस सूचनामा उल्लेख नभएको व्यहोराको सम्बन्धमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको प्रचलित आर्थिक नियम बमोजिम हुनेछ ।

( बलराम प्रसाद शर्मा )
नि.डीन
वन विज्ञान संकाय,हेटौडा ।

निमित्त डीन
वन विज्ञान संकाय
हेटौंडा, मकवानपुर